निर्णय नं. १

बागमती प्रदेशका माननीय मुख्यमन्त्रीको संयोजकत्वमा देहाय बमोजिमका पदाधिकारी रहने गरी Province Corona Crisis Management Center स्थापना गर्ने ।

तपशील

| | | |
|---|---|---|
| क. | माननीय मुख्यमन्त्री, बागमती प्रदेश | संयोजक |
| ख. | माननीय मन्त्री, आन्तरिक मामिला तथा कानुन | सदस्य |
| ग. | माननीय मन्त्री, आर्थिक मामिला तथा योजना | सदस्य |
| घ. | माननीय मन्त्री, उद्योग, पर्यटन, बन तथा वातावरण | सदस्य |
| ङ. | माननीय मन्त्री, सामाजिक विकास | सदस्य |
| च. | प्रमुख सचिव, बागमती प्रदेश | सदस्य |
| छ. | नगर प्रमुख, हेटौंडा उपमहानगरपालिका | सदस्य |
| ज. | उप रथी, मध्य पृतना नेपाली सेना | सदस्य |
| झ. | सचिव, सामाजिक विकास मन्त्रालय | सदस्य |
| ञ. | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय, | सदस्य |
| ट. | सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, | सदस्य |
| ठ. | सचिव, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय, | सदस्य |
| ड. | प्रदेश प्रहरी प्रमुख, बागमती प्रदेश | सदस्य |
| ढ. | सशस्त्र प्रहरी नायव महानिरिक्षक बागमती प्रदेश | सदस्य |
| ण. | प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग, प्रदेश कार्यालय | सदस्य |
| त. | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, | सदस्य सचिव |

Province Corona Crisis Management Centerको जिम्मेवारी

क. कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सहयोग, समन्वय, सहजीकरण र अनुगमन गर्ने ।

ख. औषधि उपकरण तथा स्वास्थ्य सामाग्री लगायत आवश्यक वस्तु वा सेवाको आपूर्तिको व्यवस्थापन र अनुगमन गर्ने ।

ग. आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्ने ।

घ. अस्पतालहरूमा मापदण्ड अनुसारको Isolation र ICU को व्यवस्थापन गर्ने ।

ङ. मापदण्ड अनुसारको Quarantine को निर्माण तथा व्यवस्थापन गर्ने

च. COVID-19 Crisis Management Center Operation (CCMC-Ops) मा सूचना प्रवाह गर्ने ।

मुख्यमन्त्री

निर्णय नं. २

सामाजिक विकास मन्त्रालयले कोभिड-19 को रोकथाम, नियन्त्रण र उपचारकालागि आवश्यक पर्ने औषधि, उपकरणको हालको उपलब्धता र आवश्यक पर्ने विवरण सहितको कार्य योजना तयार गर्ने ।

निर्णय नं. ३

प्रदेशमा खाद्य व्यवस्था, उपलब्धता र दैनिक गुजारा गर्न नसक्ने नागरिकहरूको लगत स्थानीयतहसँगको समन्वयमा उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालयले तयार गरी आवश्यक व्यवस्था मिलाउने । प्रत्येक जिल्लाको अत्यावश्यक खाद्य पदार्थको अभिलेख जिल्ला प्रशासन कार्यालयले तयार गरी इमेल मार्फत पठाउन जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिने साथै जिल्लामा दैनिक रूपमा खपत हुने यस्ता खाद्य पदार्थको अनुमान गरी खाद्यान्नको अवस्था बारे जिल्ला विपद् व्यवस्थापन समितिहरूले खाद्य अवस्थाको आकलन गर्ने ।

निर्णय नं. ४

आर्थिक मामिला तथा योजना मन्त्रालयले भविष्यमा आवश्यक पर्ने स्रोत व्यवस्थापन सम्बन्धी खाका सहितको योजना तयार गर्ने ।

निर्णय नं. ५

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले कोरोना पीडित (लगत, Quarantine, Isolation लगायत) को अभिलेख तयार गरी नियमित रूपमा अद्यावधिक गर्ने र भविष्यमा आइपर्ने समस्या व्यवस्थापनको लागि खाका तयार गर्ने ।

निर्णय नं. ६

COVID-19 Crisis Management Center Operation (CCMC-Ops) मा सूचना प्रवाह गर्ने कार्य सदस्य सचिवले गर्ने र सोको जानकारी सबै सदस्यहरुलाई इमेल मार्फत गराउने ।

निर्णय नं. ७

हाल सञ्चालनमा रहेको कोरोना नियन्त्रण सूचना केन्द्रको सञ्चालन आन्तरिक मामिला तथा कानुन मन्त्रालय मार्फत गर्ने र हरेक दिन १६:०० बजे सूचनाको अपडेट गरी ocmcm.p3@gmail.com इमेलमा पठाउने।

निर्णय नं. ८

कोरोना भाइरस नियन्त्रण गर्न क्वान्टाइनहरु "कोरोना भाइरस सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७६" अनुसार सञ्चालन गर्न र गर्ने व्यवस्था मिलाउन सबै स्थानीय तहमा अनुरोध गर्ने ।

मुख्यमन्त्री

निर्णय नं. ९

खाद्यन्न संकट भएका व्यक्ति/परिवारहरुको एकिन तथ्याङ्क स्थानीय तहले तयार गर्ने यस्ता व्यक्ति वा परिवारलाई राहत वितरण गरे पश्चात सोको सार्वजनिकरण गर्ने र नाम नामेसी समेतको जानकारी प्रदेश सरकारमा पठाउने ।

निर्णय नं. १०

विभिन्नकारणले विदेश गई २०७६ माघ ९ पछाडी स्वदेश फर्कि तत् स्थानीय तहमा हाल रहेका व्यक्तिहरुको विवरण स्थानीय तहले संकलन गरी प्रदेश सरकारमा समेत पठाउन अनुरोध गर्ने ।

निर्णय नं. ११

विभिन्न मन्त्रालय / निकायबाट प्रस्तुत कार्ययोजनालाई एकीकृत रूपमा आगामी बैठकमा पेश गर्ने ।

मुख्यमन्त्री